श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**इजलास**

माननीय अध्यक्ष श्री विनोद शर्मा

राजस्व सदस्य श्री राजेन्द्र पौडेल

**फैसला**

२०७७/०७८ सालको निर्णय नं. १५२

पुनरावेदन नं. ०७५-RB-००६५

पुनरावेदनपत्र दर्ता मिति २०७५/५/२२

सुनसरी जिल्ला इटहरी न.पा.वडा नं.१ स्थित स्थायी लेखा नं.३००९७९२० भएका एग्रो मिल मेशिनरी ट्रेडर्स कम्पनीका संचालक हेमप्रसाद घिमिरे.........................१ } पुनरावेदक

**विरुद्ध**

श्री भन्सार जाँचपास परीक्षण कार्यालय, काठमाडौ.........................................१ } प्रत्यर्थी

**मुद्दा : भन्सार मूल्याङ्कन (आ.ब.०७१/०७२)।**

शुरु निर्णय गर्ने कार्यालय : भन्सार जाँचपास परीक्षण कार्यालय, काठमाडौ

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार परीक्षण प्रशासक श्री किशोर जोशी

शुरु निर्णय मिति : २०७५/०३/२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री अनिता विष्ट

प्रत्यर्थीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

यसमा भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौबाट मिति २०७५।३।२५ मा भएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भइ दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य तथा ठहर यस प्रकार छः-

## मुद्दाको तथ्य

१. श्री एग्रोमिल मेशिनरी ट्रेडर्सले विभिन्न भन्सार कार्यालयहरुबाट मिति २०७१/४/१ देखि २०७२/३/३२ सम्म विभिन्न प्रज्ञापनपत्रहरुबाट पैठारी गरेका मालबस्तुहरुको भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको हुँदा उक्त पैठारीसंग सम्बन्धित कागजप्रमाणहरु पेश गर्न भन्सार जाँचपास परीक्षण कार्यालयबाट भएको पत्राचार ।

२. पैठारीकर्ता एग्रोमिल मेशिनरी ट्रेडर्सले विभिन्न प्रज्ञापनपत्रहरुबाट पैठारी गरेका मालबस्तुको सम्बन्धमा थप भन्सार महसुल निर्धारण गर्नु पर्ने भन्ने समेतको लेखा परीक्षण प्रतिवेदन ।

३. एग्रोमिल मेशिनरी ट्रेडर्सले विभिन्न पज्ञापनपत्रहरुबाट पैठारी गरेका मालबस्तु जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापनपत्रसाथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन छानविन गरी बयान समेतका आधारमा पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा पैठारीकर्ताले कारोबार मूल्य र बस्तुको वर्गीकरण फरक पारी घटी महशूल दाखिला गरेको देखिएकोले भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम थप महशूल निर्धारण गर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिनभित्र पेश गर्न पैठारीकर्ताका नाममा भन्सार जाँचपास परीक्षण कार्यालय बाट मिति २०७४/१०/१७ मा सूचना जारी भएकोमा पैठारी कर्ताले उक्त सूचना मिति २०७४/११/१ मा बुझिलिई मिति २०७४/११/१५ मा सो को जवाफ पेश गरेको देखिन्छ।

४. पैठारीकर्ताले लिखित जवाफमा एकीकृत भन्सार महशूल दरबन्दीमा विद्युतीय मोटरहरु र जेनेरेटरहरुको लागि ८५०१ उपशिर्षक कायम गरिएको भन्ने व्यहोरा उल्लेख गरी थप भन्सार महशूल नलाग्ने भनी जिकिर गरेतापनि कुनै ठोस प्रमाण पेश नगरी कारोबार मूल्य र वर्गीकरण फरक पारी घटी महसुल दाखिला गरेको देखिन्छ। पैठारीकर्ताले पेश गरेको प्रज्ञापनपत्रमा Generator Parts लेखे पनि ब्राकेटमा Alt भनी उल्लेख गरेएकोले उक्त मालबस्तु Alternator भएको देखिन्छ। निजले पेश गेरेको बिलविजकको क्र.स.१ मा Opland AC Generator(Alternator) क्र.स.२ देखि ४ सम्म्मा AC Generator उल्लेख गरी भन्सारलाई झुक्याउने मनसाय रहेको, सो मालबस्तु भन्सार दरबन्दी ८५०११०००मै पर्ने, प्रज्ञापनपत्र नं.४५१८२ बाट पैठारी भएको मालबस्तुलाई प्रज्ञापनपत्रमा Generator Part engine Stop parts भनिएको भएतापनि सो साथ पेश भएको बिलवीजकमा Stop Sale मात्र उल्लेख भएकोले उक्त मालबस्तु जेनेरेटर्स पार्टस नभइ भन्सार दरबन्दी ८४०९९००० मा पर्ने भएकोले WTO GATT Valuation Principle बमोजिम पैठारी भएका मालबस्तुको उत्पादक कम्पनीको मूल्य सूचीमा रहेको न्यूनतम मूल्यलाई आधार मानी मोडल ब्राण्ड क्षमता आदिको आधारमा कारोबार मूल्य घटी घोषणा गरेकोले जम्मा महशूल जरिवाना समेत रु.५६,३३४/- तथा मू.अ.कर जरिवाना समेत रु११,३६९/- समेत जम्मा रु.६७,७०५/- (सतसठ्ठी हजार सात सय पाँच) थप महसुल निर्धारण गर्ने भन्ने भन्सार जाँचपास कार्यालय, काठमाण्डौंबाट मिति २०७५/३/२५ मा भएको निर्णय।

५. पुनरावेदक पैठारीकर्ताले जेनेरेटरको व्यवसाय गर्ने गरेको। पैठारीकर्ताले उपशिर्षक ८५०३.०० अन्तर्गत पर्ने Alternator तथा ८४०१ अन्तर्गत पर्ने Engine Stopper पैठारी गरी ल्याएकोमा उपरोक्त जेनेरेटरका पार्टसलाई अन्यथा हुने गरी वर्गीकरण गरी थप भन्सार महशूल, मू.अ.कर र जरिवाना समेत माग गर्ने गरी तथा कारोबार मूल्य फरक परेको भनी थप भन्सार महशूल निर्धारण गर्ने भनी गरेको निर्णयमा पुनरावेदकले जवाफ साथ पेश गरेका कारोबार मूल्य खुल्ने कागजातमा के कस्तो कैफियत रहेको हो उल्लेख नगरेको। एक पटक एउटा संकेत नम्बर अन्तर्गतको बस्तु भनी भन्सार महशूल असुल गरी माल छाडी सकेकोमा पुनः अर्को पुनःअर्को संकेत नं को माल वस्तु भनी स्पष्ट आधार कारण नदेखाई थप भन्सार महसुल असुल गरेको, पैठारी भएका मालबस्तुहरु पहिलो पटक मात्र नभई पटक पटक अन्य ब्रान्डको सोही वस्तुसँग दाजी सो अनुपातमा मोल कायम गरिएको, वर्गीकरण फरक नपरेको, भन्सार ऐन, २०६४ को दफा ३४ बमोजिम महशूल निर्धारण गर्ने भनी पुन दफा १३ बमोजिम मोल निर्धारण गरिएको, पैठारी भएका मालबस्तु जाँचपासका क्रममा खुलाईएका उपशिर्षक अन्तर्गतनै पर्ने र थप महशूल दाखिला गर्नु नपर्ने हुँदा जाँचपास परीक्षण कार्यालयको निर्णय बदरभागी छ, बदर गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७५/५/२२मा यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र ।

६. यसमा मुलुकी फौज्दारी कार्यविधि संहित २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजानार्थ प्रत्यर्थी झिकाउने गरी यस न्यायाधिकरणबाट मिति २०७५।०९।०२ मा भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम पेशी सुचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री अनिता विष्टले पुनरावेदक पैठारीकर्ताले पैठारी गरेका मालवस्तु भन्सार जाँचपास गर्दाकै बखतको दरवन्दी शिर्षकमा पर्ने मालबस्तु हुन। निर्णयकर्ताले एक पटक एउटा शिर्षकमा पर्ने भनी जाँचपास गरेको मालबस्तुलाई फेरी अर्को शिर्षक अन्तर्गत पर्ने भन्न मिल्दैन। मालबस्तुको दरबन्दीमा विवाद गरी कारोबार मूल्य समेत थप गरी महशूल निर्धारण गरिएको शुरु भन्सार जाँचपास परीक्षण कार्यालयको निर्णयमा न्यायिक मनको अभाव हुँदा उक्त निर्णय बदर गरी पाउँ भनी र प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीले प्रज्ञापनपत्रमा भन्सार वर्गीकरण शिर्षक फरक दावी गरेको, कारोबार मूल्य समेत कम देखाएको हुँदा थप भन्सार महशूल मू.अ.कर र जरिवाना समेत निर्धारण गरेको शुरु भन्सार जाँचपास परीक्षण कार्यालयबाट भएको निर्णय सदर कायम हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

८. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु भन्सार जाँचपास परीक्षण कार्यालयबाट मिति २०७५।०३।२५ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

९. निर्णय तर्फ विचार गर्दा पुनरावेदक एग्रोमिल मेशिनरी ट्रेडर्सले विभिन्न प्रज्ञापनपत्रबाट पैठारी गरेका मालबस्तुको कारोबार मूल्य र वर्गीकरण फरक पारी घटी भन्सार महशूल दाखिला

गरेकोले घटी भएको भन्सार महशूल जरिवाना र मूल्य अभिवृद्धिकर समेत निर्धारण गर्ने गरी शुरु भन्सार जाँचपास परीक्षण कार्यालयबाट निर्णय भएको देखियो।

१०. शुरु भन्सार जाँचपास परीक्षण कार्यालयले निर्णय गर्नु पुर्व यी पुनरावेदक पैठारीकर्तालाई कारोबार पैठारीसंग सम्बन्धित कागजात माग गरेको र थप महशूल निर्धारण गर्नु नपर्ने ठोस सबुद प्रमाण भए पेश गर्न भनी सूचना जारी गरेकोमा पैठारीकर्ताले आफ्नो दावी पुष्टी गर्ने गरी तथ्ययुक्त कागज प्रमाण र जवाफ पेश गर्न सकेको पाइएन।

११. पुनरावेदक पैठारीकर्ताले पेश गरेको प्रज्ञापनपत्र र बिल बिजक एकापसमा मेल नखाई बाझिएको देखिन्छ। बिल बिजक र प्रज्ञापनपत्र बाझिएको अबस्थामा पैठारी भएका मालबस्तुको नाम, चारित्रिक गुण एवं प्रयोजनका बारेमा उत्पादक कम्पनीबाट जारि भएका बिल वीजक एवं प्रकाशित भएका Catalogue मा उल्लेखित नाम/ गुण र प्रयोजनलाई आधिकारिक मान्नुपर्ने र सोही अनुसारको भन्सार दरबन्दी कायम गर्नु पर्ने हुन्छ। पुनरावेदक पैठारीकर्ताले प्रस्तुत मुद्दामा बिल वीजक भन्दा फरक किसिमले प्रज्ञापनपत्रमा पैठारी भएका मालबस्तुको विवरण उल्लेख गरेको, मुख्य बस्तुलाई मुख्य बस्तुको इकाइ/भाग भनी दावी गरेको पाइयो। बिज बिजकमा Opland AC Generetor(Alternator), Stop Sale उल्लेख भएका मालबस्तुहरु Genereter Parts नै हुन भनी ८५०३.०० अन्तर्गत पर्ने Alternator तथा ८४०१ अन्तर्गत पर्ने Engine Stopper पैठारी गरेको भन्ने पुनरावेदकको पुनरावेदन जिकिर रहेकोमा AC Genereter(Alternator) Parts नभइ Genereter मुख्य बस्तु नै भएको र उक्त बस्तुलाई ८५०११००० मा वर्गीकरण गर्नु पर्ने देखिन्छ । त्यस्तै Generator Part Engine Parts भनिएको मालबस्तु बिलबिजमा Stop Sale मात्र उल्लेख भएकोमा पैठारी कर्ताले प्रज्ञापनपत्रमा फरक तरिकारले विवरण उल्लेख गर्दैमा सोही बमोजिम हुने भन्ने हुदैन। पैठारीकर्ताले आफुले पैठारी गरेका मालबस्तुको विवरण/ प्रयोजन गुण क्षमताका आधारमा भन्सार दरबन्दी कायम हुने हुँदा दावी गरे अनुसारका मालबस्तु हुन भनी पुनरावेदकले सो अनुसारको दावी पुष्टी गर्ने प्रमाण कागज पेश दाखिला गर्न सकेको पाइएन। एकीकृत भन्सार महशूल दरबन्दी अनुसार पैठारीकर्ताले पैठारी गरेका मालबस्तु पैठारीकर्ताले दावी गरे अनुसारको Parts नदेखिइ AC Genereter(Alternator) ८५०११०००मा, Engine Stopper (Stop Sale) भन्सार महशूल दरबन्दीमा ८४०९ पर्ने देखिइ फरक फरक उपशिर्षकमा पर्ने देखिएकोले फरक उपशिर्षकमा परे अनुसारको भन्सार महशूल, जरिवाना र मूल्य अभिवृद्धिकर समेत गरी जम्मा महशूल निर्धारण गरेको तथा कारोबार मूल्य घटी घोषणा नगरेको भन्ने पुनरावेदन जिकिर तर्फ हेर्दा पैठारीकर्ताले कारोबार मूल्य पुष्टी गर्ने ठोस कागज प्रमाण पेश गर्न नसकेको तथा यस्तै प्रकृतिका मालबस्तु पैठारी गर्ने अन्य पैठारीकर्ताले घोषणा गरी दाखिला गरेको भन्सार महशूल, पैठारी कर्ताको बयान, WTO GATT Valuation Principle बमोजिम निजले पैठारी गरेको उत्पादक कम्पनीको मूल्य सूचीमा रहेको न्यूनतम मूल्यलाई आधार मानी मोडल, ब्राण्ड, क्षमता, आदिको आधारमा थप कारोबार मूल्य कायम गरी घटी भएको कारोबार मूल्यको भन्सार महशूल, जरिवाना र मूल्य अभिवृद्धिकर समेत गरी जम्मा महशूल निर्धारण गर्ने गरी गरेको शुरु भन्सार जाँचपास परीक्षण कार्यालयको निर्णय मिलेकै देखियो।

१२. माथि उल्लेखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता एग्रोमिल मेशिनरीले ट्रेडर्सले पैठारी गरेका मालबस्तु सम्बन्धमा भन्सार जाँचपास परीक्षण कार्यालय काठमाडौंबाट मिति २०७५/३/२५ मा थप भन्सार महशूल समेत निर्धारण गर्ने गरी भएको निर्णय मिलेकै देखिँदा सदर हुन्छ। पुनरावेदकको पुनरावेदक जिकिर पुग्न सक्दैन । तपशिल बमोजिम गर्नू ।

**तपशिल**

प्रस्तुत मुद्दा फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौंलाई दिनू----१

फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तु लिइ नक्कल दिनू--------------------२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू-----------------------------------------------३

राजेन्द्र पौडेल
(राजस्व सदस्य)

उक्त रायमा म सहमत छु ।

विनोद शर्मा
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल(शाखा अधिकृत)
इति सम्बत २०७८ साल बैशाख १३ गते रोज २ शुभम्-----------------------------------